# साहित्य परिषद् भूटान

Ref: Date: 01-01-2015

अग्रेजी गणना अनुसार आएको नववर्षमा सबै हितचिन्तक र सहयोगी पक्षलाई सुभेच्छा व्यक्त गर्दै साहित्य परिषद-भूटानको तर्फबाट यहाँहरुको साहित्यिक अठोट र लगनशीलतामा हरदम सफलता मिलोस, हौसला र जाँगरले सगर चुमोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं।

गएको वर्षमा जान-अन्जानमा जो कसैको तर्फबाट जे जति गल्ती-कमजोरीहरु भए, ती सबैलाई अब राम्रोको लागि बिर्सिएर, मनमा रहेका कल्मषहरु सबै हुत्याएर भाषाको रक्षा तथा साहित्यको विकास गरौं भन्ने नाराका साथ साझा कल्याणको बाटोमा लाग्न सबैसमक्ष आह्वान गर्न चाहन्छौं।

विगत वर्षसम्म हामीले साहित्य परिषदलाई भूटानी नेपालीहरुको भाषा-साहित्यको रक्षार्थ एउटा प्रतिनिधिमूलक संस्था बनाउन कसरत गऱ्यौं र त्यसमा केही हदसम्म सफल पनि भएका छौं। जे भए पनि यस वर्षको सुरुवातभन्दा पहिले नै ठोस प्रारूप प्रदान गरी हामीले परिषदलाई निर्देशन गर्ने प्रतिष्ठित निकाय निर्देशक मण्डली (बोर्ड अफ् डाइरेक्टरस्) सफलतापूर्वक गठन गरेका छौं। यसका अतिरिक्त परिषदको कार्यसमिति पनि बनेको छ। अहिलेसम्मको यात्रामा केही तलमाथि अवश्य भएका छन्, यसो भन्दैमा कसैले धारे हात पारेर तथानाम गाली गरे जस्तै 'फोहोरी खेल' हामीले कहिल्यै खेलेका छैनौं। समय र परिवेश अनुसार विषयको वस्तुस्थिति नबुझ्ने त्यति धेरै 'अपरिपक्व' पनि हामी छैनौं किनकि हामीसँग कार्यविधिका त्रुटी र सागंठनिक औपचारिकताका कमजोरीहरु एक लवज सुन्दैमा वा एक झलक हेर्दैमा छुट्याइदिने विद्वान् र अकलमन्द सचेतकहरु पनि हामीसँगै छन्।

केही नगर्नेहरुले भन्दा केही गर्न चाहने र गर्नेहरुले नै धेर गल्ती गर्छन्। यो कुरालाई मनन् गरी सबैले पुराना खिन्नताहरु पन्साएर सकारात्मक अठोटका साथ आजको बद्लिँदो परिवेशमा हाम्रो भाषा-साहित्यको रक्षा र उन्नति गर्दै समाजको अस्तित्व धरोहर बँचाउनुपर्ने हामी सबैको जिम्मेवारी हुन आएको छ।

परिषदकै सवालमा अडिएर कुरा गर्दा सबैको साहित्यिक योगदानलाई मूल्यांकन गर्ने एउटा आधिकारिक निकाय पनि साहित्य परिषद-भूटान भएकोले कसैको ऐतिहासिक लगन र मेहनतलाई अबमूल्यन गरिने छैन । साहित्य परिषद-भूटान एक साहित्यिक सगंठन भएकोले कुनै राजनीति गर्ने प्रकृतिका विषयवस्तु र विचारमा दलाली थलो यसलाई नबनाउँ । यो त केवल भाषिक-साहित्यिक योगदान गर्नेहरुको साझा चौतारी हो । इतिहासले सबैको पराक्रमलाई समेटेर राख्छ नै; यसमा कुनै द्विविधा छैन ।

आजको परिवेशमा समाज र साझा हितको लागि काम गर्नचाहने दक्ष र सिर्जनशील साहित्यिक सर्जकहरुको अभाव रहेको कुरा सबैलाई थाहा छ । यस अवस्थामा स्वयंसेवी बनेर सार्वजनिक हितको लागि समय दिँदै आएका र समय दिन चाहनेहरुको मनोबलमा ह्रास आउने प्रकृतिका टिप्पणीहरु रोकौं र कुनै साहित्यिक सिर्जनाहरुकै बारेमा चर्चा-परिचर्चामा विवेक र समय खर्च गरौं । सबै मिलेर आजको संक्रमणकालीन अवस्थामा समाजको पहिचान र भाषा-साहित्यको रखवालीमा जुटौं । यस कालखण्डको ऐतिहासिक जिम्मेवारीलाई कर्तव्यको रूपमा बुझेर भाषा-साहित्यप्रतिको जागरुकता र समयको लगानी गर्नसक्ने जो कसैलाई परिषदमा सौहार्द्रतापूर्ण स्वागत गर्दछौं ।

कुनै पनि सांगठनिक संरचनाभित्र बसेर काम गर्ने सिलसिलामा निश्चित नियमावलीहरु हुन्छन् । व्यक्तिगत हक-अधिकारलाई कहिलेकाहीं सामूहिक हितका लागि पर सार्नुपर्ने अवस्था पनि आउनसक्छ । यस्ता सबै विधिवत् कुराहरुलाई शिरोप्पर गरी नियमबद्ध बनेर साहित्य परिषद-भूटानमा सम्मिलित हुनचाहने सबैका लागि परिषदको आधिकारिक प्रकाशन www.bhutaneseliterature.com मा आवेदन फारम समावेश छ । यसमा आफ्ना विवरणहरु भरेर सदस्यताको लागि पेश गर्नसक्नु हुनेछ ।



भक्त घिमिरे
कार्यसमिति अध्यक्ष-
साहित्य परिषद-भूटान